# प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन विधेयक

**<u>प्रस्तावना</u>** : प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण हुने राजश्व बाँडफाँट तथा अनुदान सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश नं. दुईको प्रदेश सभाले यो ऐन बनाएको छ।

**परिच्छेद १**

**<u>प्रारम्भ र परिभाषा</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** :(१) यस ऐनको नाम "प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन प्रदेश नं.दुई भर तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा ;

(क) "आयोग" भन्नाले संविधानको धारा २५० बमोजिमको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्झनु पर्दछ।

(ख) "प्रदेश संचित कोष" भन्नाले संविधानको धारा २०४ बमोजिमको प्रदेश संचित कोष सम्झनु पर्दछ।

(ग) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्दछ।

प्रदेश सभा सचिवालय, प्रदेश नं. २

(घ) "योजना" भन्नाले आयोजना, परियोजना, कार्यक्रम समेत सम्झनु पर्दछ।

(ङ) "वित्तीय समानीकरण अनुदान" भन्नाले दफा ४ बमोजिमको अनुदान सम्झनु पर्दछ।

(च) "विशेष अनुदान" भन्नाले दफा ७ बमोजिमको अनुदान सम्झन पर्दछ।

(छ) "स्थानीय संचित कोष" भन्नाले संविधानको धारा २२९ बमोजिमको स्थानीय संचित कोष सम्झनु पर्छ।

(ज) "समपूरक अनुदान" भन्नाले दफा ६ बमोजिमको अनुदान सम्झनु पर्दछ।

(झ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ।

(ञ) "सशर्त अनुदान" भन्नाले दफा ५ बमोजिमको अनुदान सम्झनु पर्दछ।

## परिच्छेद २

## सवारी साधन राजस्व बाँडफाँट

३. **सवारी साधन करको बाँडफाटः** (१) प्रदेश सरकारले लगाएको र उठाएको सवारी साधन करबाट उठेको रकम प्रदेश सरकारले प्रदेश विभाज्य कोषमा जम्मा गर्नेछ। ।

(२) उपदफा (१) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये साठी प्रतिशत प्रदेश सरकारलाई र चालीस प्रतिशत स्थानीय तहलाई बाँडफाँट गर्नु पर्नेछ। ।

(३) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये प्रदेश सरकारले प्राप्त गर्ने रकम प्रदेश सञ्चित कोषमा

प्रदेश सभा सचिवालय, प्रदेश नं. २

दाखिला गर्नु पर्नेछ र स्थानीय तहलाई प्रदान गरिने रकम आयोगको सिफारिसमा सम्बन्धित स्थानीय कोषमा मासिक रुपमा जम्मा गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम बाँडफाँट हुने रकमको हिसाब मिलान आर्थिक वर्ष समाप्त भएको एक महिना भित्रमा पेश गर्नु पर्नेछ।

(५) राजस्व बाँडफाँटको रकमको सदुपयोग सुनिश्चितताका लागि प्रदेश सरकारले आवश्यक व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद – ३

## अनुदान सम्बन्धी व्यवस्था

४. **वित्तीय समानीकरण अनुदान**ः(१) प्रदेश सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ।

(२)प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्व समेतका आधारमा उपदफा (१) बमोजिम स्थानीय तहलाई बाँडफाँट हुने समानीकरण अनुदान रकम निर्धारण गर्नेछ।

५. **सशर्त अनुदान**ः (१) प्रदेश सरकारले स्थानीय तह वा प्रदेश सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ।

प्रदेश सभा सचिवालय, प्रदेश नं. २

(२) उपदफा(१)बमोजिम सशर्त अनुदान प्रदान गरी प्रदेश सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्नेछ।

६. **<u>समपूरक अनुदान</u>**ः(१) प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समपूरक अनुदान प्रदान गर्दा देहायका कुराहरुलाई आधार बनाइनेछ :

(क) योजनाको सम्भाव्यता,

(ख) योजनाको लागत

(ग) योजनाबाट प्राप्त हुने प्रतिफल र लाभ,

(घ)योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता र जनशक्ति,

(ङ) योजनाको आवश्यकता र प्राथमिकता ।

(३) उपदफा (१) बमोजिमको समपूरक अनुदान कुनै योजनाको कुल लागतको अनुपातको आधारमा प्रदान गरिनेछ।

(४) समपूरक अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

७. **<u>विशेष अनुदान</u>** : (१) प्रदेश सरकारले देहायको कुनै उद्देश्य राखी स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछ :

प्रदेश सभा सचिवालय, प्रदेश नं. २

(क)शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक विकास, आवास, लैंगिक सशक्तिकरण जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने,

(ख)अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने,

(ग) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले वञ्चितीकरणमा परेका वर्ग वा समुदायको उत्थान र विकास गर्ने,

(२) विशेष अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद ४

## विविध

८. **अनुदानको प्रयोग** : यस ऐन बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्नु पर्नेछ। सो बमोजिम प्रयोग भएको नपाइएमा प्रदेश सरकारले स्थानीय तहलाई उपलव्ध गराउने अनुदान रोक्का कटौती गर्न सक्नेछ।

९. **नियम तथा कार्यविधि बनाउन सक्ने** : यस ऐन कार्यान्वयनका लागि प्रदेश सरकारले नियम वा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

प्रदेश सभा सचिवालय प्रदेश नं. २